**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २२ गते सोमबार ❑ 6 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## कोरला सडकलाई पर्यटकीय राजमार्ग बनाउने सरकारको योजना

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ असार



संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री खडकराज पौडेलले कालिगण्डकी करिडोरअन्तर्गत कोरला सडकलाई पर्यटकीय राजमार्गका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको बताउनुभएको छ।

जिल्ला प्रशासन कार्यालयद्वारा आइतबार यहाँ आयोजित मुस्ताङको पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनसम्बन्धी छलफलमा उहाँले कालिगण्डकी करिडोरअन्तर्गत दक्षिणको भैरहवादेखि उत्तरको कोरलासम्मको सडकलाई चाँडो स्तरोन्नति गरी पर्यटकीय राजमार्ग बनाउने सरकारको योजना सुनाउनुभयो। आर्थिक समद्धिको मूल आधार पर्यटन क्षेत्र भएकाले कोरलाराजमार्गलाई पर्यटन राजमार्गका रूपमा स्थापित गरिने भन्दै उहाँले मुस्ताङ-डोल्पा सडकलाई पनि सरकारले उच्च प्राथमिकतामा राखेको जानकारी दिनुभयो। मन्त्री पौडेलले मुक्तिनाथ क्षेत्रमा लेक लागेर पर्यटक बिरामी हुने समस्या जटिल बन्दै गइरहेकाले त्यसको समाधानका लागि पर्यटक 'टाइम कार्ड' लागू गर्न सरोकार भएका निकायलाई सुझाउनुभयो।

यहाँका पर्यटनसम्बन्धी विभिन्न सङ्घसंस्थाका प्रतिनिधि र व्यवसायीले पर्यटन क्षेत्रका सम्भावना र चुनौतीबारे मन्त्री पौडेलको ध्यानाकर्षण गराएका थिए।

## पोखरा-दुबई उडानका निम्ति मार्चसम्मको टिकट बुकिङ खुला

**पोखरापत्र संवाददाता**
दमौली, २१ असार



पोखराबाट दुबई उडानको घोषणा गरेको फ्लाइ दुबईले लामो उडान तालिका सार्वजनिक गरेको छ।

सुरुमा भदौ ७ गतेदेखि एक महिनाको लागिमात्र दिनको एकपटक उडान गर्ने घोषणा गरेको फ्लाइ दुबईले सन् २०२७ को माच २६ सम्मकै बुकिङ खुला गर्दै उडान दीर्घकालीन बनाउने छनक दिएको हो। फ्लाइ दुबईका नेपालस्थित जनरल म्यानेजर नवराज शाहीले पोखरा उडानलाई दिगो बनाउने गरी काम सुरु भएको बताए। 'हप्तामा ४ उडानबाट सुरु भएको काठमाडौं-दुबई उडान अहिले दिनमै ४ वटामा आएको छ,'उनले भने,'हामी पोखरामा पनि तीतो हैन, मीठो अनुभूति चाहन्छौं। भैरहवामा भने हामीले तीतो अनुभव गर्‍यौं।' फ्लाइ दुबईको भैरहवा उडान अहिले रोकिएको छ। पोखरा उडान सुरु गरेपछि यसलाई स्थायित्व दिनका निम्ति स्थानीयको सहयोग महत्वपूर्ण हुने बताए। पोखरा-दुबई उडानलाई सफल बनाउन पोखरा उद्योग वाणिज्य संघसँग सहयोगको आग्रह गर्ने क्रममा आइतबार आयोजित छोटो कार्यक्रममा उनले पोखरा-दुबई उडानले यहाँका नागरिकलाई सोझै लण्डन,न्यूयोर्क वा जापानको टोकियोजस्ता २६० वटा गन्तव्यमा पुग्ने अवसर आएको पनि बताए। सो अवसरमा बोल्दै कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा विमानस्थल निर्माणमा संघले गरेको पैरवी र लामो रिले अनसनको स्मरण गर्दै यहाँबाट अन्तर्राष्ट्रिय उडानका निम्ति सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए। 'हामी यतिबेला अन्तर्राष्ट्रिय उडानको चाहना राखिरहेका छौं। हामी भोको छौं। भोको मान्छेलाई सुनकै थाली भए पनि भोजन नभएपछि केही नहुँदो रहेछ,'अध्यक्ष कार्कीले भने,' हामी नियमित उडान चाहन्छौं।' पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा बोल्दै फ्लाइ दुबईको भगिनी संस्था फ्लाइ इमिरेट्सका जनरल म्यानेजर रमेश लामिछानेले उडानलाई दीर्घकालीन बनाउन सम्पूर्ण तयारी भएको बताए। पोखरा पर्यटन परिषदका पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले फ्लाइ दुबई र इमिरेट्सले सुरु गरेको यात्रा सफल नभए पोखरा नै १० वर्ष पछाडि धकेलिने धारणा राखे।

## अलपत्र सडक निर्माणका लागि पूर्वाधार विकासमन्त्रीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
दमौली, २१ असार

तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित दुई रणनीतिक सडक निर्माणमा भइरहेको ढिलासुस्तीबारे पूर्वाधार विकासमन्त्री सुनील लम्साललाई ध्यानाकर्षण गराइएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) शुक्लागण्डकी नगर समितिले आइतबार दुलेगौडामा मन्त्री लम्साललाई भेट गरी विगत केही वर्षदेखि अलपत्र रहेको दुई सडक निर्माणमा ध्यानाकर्षण गराएको हो। विगत केही वर्षदेखि अलपत्र रहेका दुई सडकका सन्दर्भमा स्थानीय, प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रश्न उठ्दै आइरहेकाले तत्काल सडक निर्माण हुने वातावरण सिर्जना गरिदिन लम्सालको ध्यानाकर्षण गराइएको रास्वपा शुक्लागण्डकी नगर सभापति हरिबहादुर खड्काले बताउनुभयो। गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक' कार्यक्रमअन्तर्गत निर्माणाधीन दुलेगौडा-हर्कपुर मोटरमार्ग विसं २०७६ कात्तिक ४ गते ठेक्का सम्झौता भई विसं २०७८ माघ १६ गतेभित्र सम्पन्न गर्ने लक्ष्य रहे पनि पटकपटक म्याद थप्दा पनि उल्लेखनीय प्रगति नभएको उल्लेख गरिएको छ।

वर्षायाममा हिलो र हिउँदमा अत्यधिक धुलोका कारण स्थानीयवासी, विद्यार्थी, ज्येष्ठ नागरिक, बिरामी तथा यात्रुले दैनिक सास्ती खेप्नुपरेको भन्दै रास्वपाले हालको ठेक्का सम्झौता रद्द गरी ठेकेदारमाथि कानुनी कारबाही तथा जरिवाना गरी नयाँ ठेक्का प्रक्रिया अघि बढाएर सडक निर्माण शीघ्र सम्पन्न गर्न माग गरेको छ।

त्यसैगरी विश्व बैंकको सहयोगमा सञ्चालित दुलेगौडा-लामागाउँ सडक स्तरोन्नति आयोजना रु २७ करोड ३४ लाख ७९ हजार आठ सय ३४ लागतमा निर्माण भइरहेको उल्लेख गर्दै विसं २०८२ असार २३ गते सम्पन्न हुनुपर्ने आयोजना ठेकेदारको लापरबाहीका कारण अझै अलपत्र रहेको जनाएको छ। रास्वपाले उक्त आयोजनाको निर्माण तत्काल सुरु गराई निर्धारित समयमै सम्पन्न हुने वातावरण बनाउन सम्बन्धित निकायलाई निर्देशन दिन मन्त्रीसमक्ष आग्रह गरेको छ।

## अपेक्षा भन्दा तीन गुणा बढी सहभागिता सहित पोखरामा राष्ट्रिय कफी प्रदर्शनी सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार




नेपाली कफीको उत्पादन, गुणस्तर, बजारीकरण र ब्रान्ड प्रवर्द्धन गर्ने उद्देश्यले पोखरामा आयोजित 'राष्ट्रिय कफी प्रदर्शनी एवं राष्ट्रिय कफी कपिङ च्याम्पियनसिप' अपेक्षाभन्दा तीन गुणा बढी सहभागिता सहित सम्पन्न भएको छ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, क्षेत्रीय कार्यालय पोखराको आयोजना तथा गण्डकी प्रदेश सरकारको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र पोखरा महानगरपालिकाको प्रवर्द्धनमा ' चिनौं, चाखौं, अपनाऔं, प्रवर्द्धन गरौं' भन्ने नारासहित सम्पन्न कार्यक्रममा देशभरबाट ३४ व्यावसायिक कफी उत्पादक, कफी हाउस सञ्चालक तथा उद्यमी सहभागी हुनु भएको थियो।

एक दिने उक्त कार्यक्रममा करिब ७ सय जनाको सहभागिता अपेक्षा गरिएको प्रदर्शनीमा त्यसको तीन गुणाभन्दा बढी दर्शक तथा कफीप्रेमीको उपस्थिति रहेको राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेयि कार्यालय पोखराका निमित्त क्षेत्रीय निर्देशक चन्द्र पुरीले बताउनु भयो। कार्यक्रममा उत्कृष्ट नेपाली कफीको निःशुल्क कपिङ (स्वाद परीक्षण), कफी नर्सरी अवलोकन, बीउदेखि कपसम्मको मूल्य शृ‌ंखला प्रदर्शन, कफी उपकरण प्रदर्शनी तथा प्राविधिक अन्तरक्रिया सञ्चालन गरिएको थियो। पूर्वको इलामदेखि लुम्बिनी प्रदेशका गुल्मी, पाल्पा, कोशी प्रदेशको काठमाण्डौं चितवन, ललितपुर हुदै गण्डकी प्रदेशका अधिकांश जिल्लाको सहित देशका अन्य क्षेत्रबाट कफी व्यवसायीहरु प्रर्दशनीमा सहभागि हुनु भएको पुरीले जनाउनु भयो।

राष्ट्रिय कफी कपिङ च्याम्पियनसिपमा कफी सहकारी संघ लिमिटेड, ललितपुर प्रथम, महाभारत साना किसान कृषि सहकारी संस्था, काभ्रे द्वितीय तथा कोटथोक कफी उत्पादक कृषक समूह, गोरखा, महादेवटार धोग कृषि फर्म, काभ्रे र गुल्मी कफी स्टेट प्रालि संयुक्त रूपमा तृतीय भएका छन्। विजेताहरूलाई नगदसहित सम्मान गरिएको थियो। यस्तै लाट्टे आर्ट च्याम्पियनसिपमा नवलपुरका अविसेक मगर प्रथम हुनु भएको छ। प्रदर्शनीमा सहभागी कफी किसान, व्यवसायी तथा दर्शकहरूले नेपाली कफीको प्रवर्द्धनका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा व्यक्त गर्दै यसले नेपाली कफीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा थप स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको बताएका छन्। पोखरा १६ नौधारे रिंचे कफी किसान समुहका राजबहादुर गुरुङ सहितको टोलीले आफ्नो समुहमा उत्पादन भएको कफी प्रर्दशन ल्याउनु भएको थियो। १ हजार २ सय मिटरको उचाईमा उत्पादन भएको निकै गुणस्तरको उक्त कफी प्रति प्याकिङ ४ सयमा बिक्रि गरेको बताउदै उहाँले १ सय ३० रोपनी क्षेत्रफलमा हाल ७ हजार कफीका बिरुवा रोपीएको जसमा १३ जनाको समुह आबद्ध रहेको जनाउनु भयो। त्यस्तै पोखरा ७ मासवारमा रहेको पोखरा जावा बराल पेट्रोल पम्प नजिक रहेको उक्त कफी पसलकाविजय थापा मगरले कफी संस्कृति पोखरामा बढ्दो रहेकोले यसको मार्केट ठुलो रहेको बताउनु भयो। उहाँको टिमले प्रर्दशनीमा कोल कफी प्रर्दशनी सहित वितरण समेत गर्नु भएको थियो। उक्त कार्यक्रमको उद्धाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाली कफीको स्वाद र पहिचानलाई विश्व बजारमा विस्तार गर्न सके देशको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुग्नुका साथै रोजगारीका प्रशस्त अवसर सिर्जना हुने बताउनुभयो। उत्पादनदेखि प्रशोधन, बजारीकरण र ब्रान्डिङसम्म सबै पक्षबीच सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो। प्रदेशका कृषि मन्त्री भिमबहादुर कार्कीलेले बादरको बिकल्पमा कफी खेल राम्रो विकल्प हुन सक्ने दाबी गर्नुभयो।पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले महानगरले कफी खेती विस्तारका लागि बिरुवामा अनुदान, बजारीकरण तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्दै बाँझो जमिनको उपयोगका लागि कफी खेती प्रभावकारी विकल्प भएको बताउनुभयो।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका निमित्त क्षेत्रीय निर्देशक चन्द्र पुरीले पोखरा नेपाली स्पेसियालिटी कफीको प्रमुख केन्द्रका रूपमा विकास हुँदै गएको बताउँदै प्रदर्शनीले उत्पादक, व्यवसायी र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध विस्तार गर्न सफल भएको जानकारी दिनुभयो। सहभागीको उत्साहजनक उपस्थितिले नेपाली कफीप्रतिको आकर्षण निरन्तर बढिरहेको पुष्टि गरेको उहाँले बताउनुभयो। आगामी बर्ष उक्त प्रर्दशनीलाई अझ बृहत बनाउने उहाँले वजनाउनु भयो।

## कांग्रेसको क्रियाशील सदस्यता अध्यावधिक गर्ने समय थप

**रासस**
काठमाडौं, २१ असार

नेपाली कांग्रेसले क्रियाशील सदस्यता अध्यावधिक गर्ने समय आगामी साउन ३ गतेसम्मका लागि थप गरेको छ।

नेपाली कांग्रेसका महामन्त्री एवं सदस्यता व्यवस्थापन केन्द्रीय समितिका संयोजक प्रदीप पौडेलको अध्यक्षतामा आइतबार पार्टीको केन्द्रीय कार्यालय बिपी स्मृति भवन, बिपी नगर, सानेपामा बसेको बैठकले नवीकरण गरी अध्यावधिक गर्न छुट भएका तथा नयाँ क्रियाशील सदस्यताको विवरण अनलाइन माध्यमबाट पार्टीको केन्द्रीय प्रणालीमा प्रविष्ट गर्ने कार्यका लागि समयावधि थप गर्ने निर्णय गरेको हो। पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालका अनुसार

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दोस्रो संस्करणको 'नृत्य संग्राम'को उपाधि इसानी, कृपा र लाजिमालाई

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार

दोस्रो संस्करणको एकल नृत्य प्रतियोगिता 'नृत्य संग्राम' को उपाधि जुनियर 'ए'तर्फ इसानी आले मगर, जुनियर 'बी' तर्फ कृपा गुरुङ र सिनियरतर्फ लाजिमा राईले जितेका छन् ।

बी टु डी डान्स स्कुल पोखराको आयोजनामा पोखरा उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न ग्राण्ड फिनालेमा तीन विधाका ३९ जना उत्कृष्ट प्रतिस्पर्धीबीच कडा प्रतिस्पर्धापछि विजेताको घोषणा गरिएको हो । ग्राण्ड फिनाले गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । प्रतियोगितामा जुनियर 'ए' समूहको उपाधि इसानी आले मगर, जुनियर 'बी' समूहको उपाधि कृपा गुरुङ र सिनियर समूहको उपाधि लाजिमा राईले जित्दै जनही ७० हजार रुपैयाँ नगद, ट्रफी तथा प्रमाणपत्र प्राप्त गरे । प्रतियोगिताको मूल्याङ्कन निर्णायकको ७० प्रतिशत र अनलाइन भोटिङको ३० प्रतिशत अंकका आधारमा गरिएको थियो । प्रतियोगिताका निर्णायक संयोजक वरिष्ठ नृत्य निर्देशक कमल राई रहेका थिए भने निर्णायक सदस्यमा रविता मगर र समर्पण लामा रहेका थिए। बी टु डी डान्स स्कुलका संस्थापक अमन तामाङका अनुसार पारदर्शी र निष्पक्ष




मूल्याङ्कन प्रणालीमार्फत विजेता छनोट गरिएको हो । जुनियर 'ए' समूहमा नेरिसा गुरुङ फस्ट रनर्सअप, प्रान्सी बास्तोला सेकेन्ड रनर्सअप, एलिना नेपाली थर्ड रनर्सअप तथा दीपशिखा राई फोर्थ रनर्सअप बने । नेरिसाले पपुलर अवार्ड पनि हात पारिन् ।

त्यसैगरी जुनियर 'बी' समूहमा स्रिमन मगर फस्ट रनर्सअप, प्रिया गुरुङ सेकेन्ड रनर्सअप, योजना गुरुङ थर्ड रनर्सअप र जेनिशा शर्मा फोर्थ रनर्सअप घोषित भए ।

सिनियर समूहमा नयन बराइली फस्ट रनर्सअप, आश्रीया केसी सेकेन्ड रनर्सअप, शिखा जिम्बा तामाङ थर्ड रनर्सअप तथा एन्जिल केसी फोर्थ रनर्सअप बन्न सफल भए । प्रतियोगितामा तीनवटै विधाका फस्ट रनर्सअपले जनही ३० हजार रुपैयाँ, सेकेन्ड रनर्सअपले २० हजार रुपैयाँ तथा थर्ड रनर्सअपले १० हजार रुपैयाँ नगदसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेका थिए । यसैगरी सुजन्नी ल्वागुन, सृष्टी आले मगर र एन्जिल केसीले एभेन्टोज अवार्ड प्राप्त गरे ।

ग्राण्ड फिनालेमा प्रतियोगीहरूको उत्कृष्ट नृत्य प्रस्तुतिसँगै अतिथि कलाकार तथा विभिन्न कलाकारहरूको विशेष सांस्कृतिक नृत्य प्रस्तुति पनि आकर्षणको केन्द्र बनेको थियो। कार्यक्रमभर दर्शकको उल्लेखनीय उपस्थिति रहेको थियो भने सहभागीहरूले नेपाली नृत्यकला र प्रतिभाको उत्कृष्ट प्रदर्शन गरेका थिए । आयोजकका अनुसार 'नृत्य संग्राम' मार्फत नयाँ पुस्ताका नृत्य प्रतिभाको खोजी, प्रोत्साहन र उनीहरूलाई राष्ट्रिय स्तरसम्म अघि बढाउने उद्देश्य राखिएको छ। प्रतियोगिताले पोखरामा नृत्य संस्कृतिको विकास तथा युवा कलाकारलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने प्रभावकारी मञ्च प्रदान गरेको आयोजकको विश्वास रहेको छ। कार्यक्रमको सञ्चालन शैलताज कुवँरले गरेकी थिइन् ।

# पदयात्रा पर्यटनका समस्या समाधान गर्न पर्यटनमन्त्रीसँग ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकीले पदयात्रा पर्यटन क्षेत्रमा देखिएका समस्या, चुनौती र सुधारका विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल(गनेश)को ध्यानाकर्षण गराएको छ ।

टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले आज पोखरामा मन्त्री पौडेललाई पत्र बुझाउँदै पर्वतारोहण तथा पदयात्रा पर्यटनको प्रवर्द्धन र सुरक्षित पर्यटनका लागि तत्काल नीतिगत तथा व्यावहारिक सुधार गर्न माग गनुभएको हो ।

ध्यानाकर्षण पत्रमा पर्यटन नीति तथा कानुनमा सुधार, पदमार्ग संरक्षण, सुरक्षित पर्यटनको प्रत्याभूति, नक्कली उद्धार (फेक रेस्क्यु) अन्त्य, अवैध ट्रेकिङ व्यवसाय नियन्त्रण, टिम्स प्रणाली प्रभावकारी कार्यान्वयन, नेपाल पर्यटन बोर्डमा संस्थागत सुधार तथा नयाँ पदमार्गको खोजी र प्रवर्द्धनका विषयलाई प्राथमिकताका साथ उठाइएको छ । टानले अन्नपूर्ण संरक्षण क्षेत्रलगायत हिमाली पदमार्गमा सडक विस्तार, जलविद्युत् आयोजना तथा अन्य भौतिक पूर्वाधार निर्माण गर्दा पदमार्गमा नकारात्मक असर नपर्ने व्यवस्था गर्न सरकारसँग माग गरेको छ ।

यसैगरी, पदमार्गमा हुने दुर्घटना न्यूनीकरणका लागि उद्धार प्रणालीलाई व्यवस्थित बनाउन तथा हिमाली क्षेत्रमा अनियन्त्रित ढंगले निर्माण भइरहेका हाइड्रोपावर आयोजनामा रोक लगाउँदै 'टुरिजम इम्प्याक्ट एसेसमेन्ट' अनिवार्य गर्नुपर्ने माग पनि गरिएको छ ।

पत्रमा नेपाल सरकारले लागू गरेको पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स)लाई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने, इजाजत प्राप्त ट्रेकिङ कम्पनीमार्फत मात्रै पदयात्रा गराउने कानुनी व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने तथा अवैध ट्रेकिङ सञ्चालन गर्नेमाथि कडा कारबाही गर्नुपर्ने उल्लेख छ । नेपाल पर्यटन बोर्डलाई आफ्नो मूल उद्देश्यअनुसार पर्यटन प्रवर्द्धनमा केन्द्रित बनाउनुपर्ने, सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडललाई प्रभावकारी बनाउँदै बोर्डको कार्यसम्पादन सुधार गर्नुपर्ने सुझाव पनि टानले दिएको छ । विकासका नाममा गरिने निर्माणका कारण पुराना पदमार्ग सङ्कटमा परेको उल्लेख गर्दै डाँफे पदमार्ग, सर्किट तथा 'सफूट हिमाल' पदमार्ग, जलजला-ढोरपाटन-ढोरपाटन क्षेत्र, फेवा-रानीवन पदमार्ग, पञ्चासे पदमार्ग तथा लमजुङका विभिन्न पर्यटकीय पदमार्गको संरक्षण, पूर्वाधार विकास र प्रवर्द्धन गर्न आग्रह गरिएको छ ।

जलवायु परिवर्तन, फोहर व्यवस्थापन, वातावरण संरक्षण र दिगो पर्यटन प्रवर्द्धनलाई सरकारी प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्दै टान गण्डकीले पर्यटन क्षेत्रका आधारभूत समस्या समाधानका लागि सरकारले शीघ्र ठोस कदम चाल्ने विश्वास व्यक्त गरेको छ ।

# कांग्रेसको ...

यसअघि क्रियाशील सदस्यता अध्यावधिक गर्ने समयावधि २०८३ असार २० गतेसम्म तोकिएको थियो । वर्षायामका कारण वडा तहदेखि क्षेत्रीय तहसम्म सदस्यतासम्बन्धी आवश्यक प्रक्रिया सम्पन्न हुन बाँकी रहेको, अधिकतम नयाँ क्रियाशील सदस्यता विस्तारका लागि वडा तहसम्म पर्याप्त सूचना प्रवाहको कार्य जारी रहेको तथा सम्बन्धित जिल्लामा खटिएका केन्द्रीय प्रतिनिधिबाट प्राप्त सुझावका आधारमा समयावधि थप गरिएको हो ।

# मुक्तिनाथबाट फर्किने भारतीय पर्यटकले बागलुङमा चहलपहल

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ असार

मुक्तिनाथ दर्शनका लागि आउने भारतीय तीर्थयात्रीको सङ्ख्या बढेसँगै बागलुङका धार्मिक तथा पर्यटकीय गन्तव्यमा पनि चहलपहल बढेको छ ।

मुक्तिनाथबाट फर्किने पर्यटकले बागलुङ कालिका मन्दिर, शालीग्राम सङ्ग्रहालय, पञ्चकोटलगायतका स्थल भ्रमण गर्न थालेका छन् ।

कालीगण्डकी करिडोरमार्फत भैरहवाबाट मुक्तिनाथ पुग्ने सडक सञ्चालनमा आएपछि तथा पोखरा आएका पर्यटक बागलुङतर्फ पनि आकर्षित हुन थालेपछि यहाँका होटलमा भारतीय पर्यटकको उपस्थितिसमेत उल्लेख्य रूपमा बढेको छ ।

भारतबाट आएका तीर्थयात्री आशुतोष नमादले बागलुङ कालिका मन्दिर, शालीग्राम सङ्ग्रहालय, पञ्चकोट र कालीगण्डकी नदीमाथि बनेको लामो झोलुङ्गे पुलको भिडियो बनाएर टिकटक तथा सामाजिक सञ्जालमा सार्वजनिक गर्नुभएको छ । उहाँले मुक्तिनाथदेखि बागलुङसम्मका धार्मिक स्थललाई एउटै धार्मिक सर्किटका रूपमा प्रवर्द्धन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

भारतको अयोध्याबाट आउनुभएका बालकृष्ण आचार्य शालीग्राम सङ्ग्रहालय देखेर निकै प्रभावित हुनुभयो । "हामीले घरमा एक-दुई वटा शालीग्राम राखेर पूजा गर्दै आएका थियौँ । यहाँ त विशाल सङ्ग्रहालयमै दर्शन गर्ने अवसर मिल्यो", उहाँले भन्नुभयो, "हामी यस क्षेत्रको प्रचार गरेर थप तीर्थयात्रीलाई यहाँ आउन प्रेरित गर्नेछौँ ।" सङ्ग्रहालयमा करिब एक लाख १५ हजार शालीग्राम १५० मिटर लामो सुरुङभित्र व्यवस्थित रूपमा राखिएको छ । कालीगण्डकी नदीमा मात्रै पाइने शालीग्राम नदी दोहनका कारण दुर्लभ बन्दै गइरहेका बेला तिनको संरक्षणका लागि सङ्ग्रहालय स्थापना गरिएको हो। यहाँ आन्तरिक तथा भारतीय पर्यटक नियमित रूपमा आउने गरेका छन् । शालीग्राम सङ्ग्रहालयका संरक्षक ऋषि प्रपन्नाचार्यका अनुसार औपचारिक तथ्याङ्क नराखिए पनि वार्षिक करिब एक लाख पर्यटकले सङ्ग्रहालय अवलोकन गर्ने गरेका छन् । तीमध्ये ३० हजारभन्दा बढी भारतीय पर्यटक रहेको अनुमान छ । सात वर्षअघि स्थापना भएको यो सङ्ग्रहालय मुक्तिनाथ दर्शन गरेर फर्किने अधिकांश पर्यटकको रोजाइमा पर्ने गरेको उहाँले बताउनुभयो ।

शुद्ध शाकाहारी भोजन रुचाउने तीर्थयात्रीका लागि स्थानीय होटलका साथै मुक्तिनाथ वेद विद्याश्रम पाठशालाको आश्रममा समेत बसोबासको व्यवस्था गरिएको छ । मुक्तिनाथ भ्रमणमा आउने अधिकांश भारतीय पर्यटक सातदेखि १० दिनको प्याकेज यात्रामा नेपाल आउने र त्यसक्रममा एकदेखि डेढ दिन बागलुङमा बिताउने गरेका छन् । भारतको मायापुरबाट आएका माधव हरिदासले शालीग्राम सङ्ग्रहालय भ्रमणबाट आध्यात्मिक शान्ति प्राप्त भएको अनुभव सुनाउनुभयो । "संसारका धेरै स्थान घुमेँ, तर एकै ठाउँमा यति धेरै शालीग्रामको दर्शन गर्ने अवसर पहिलो पटक पाएँ", उहाँले भन्नुभयो । प्रपन्नाचार्यका अनुसार भारतको केरल, आन्ध्र प्रदेश, गुजरातलगायतका राज्यबाट धेरै तीर्थयात्री बागलुङ आउने गरेका छन् । पछिल्ला वर्षमा भारतका चर्चित कलाकार, व्यवसायी तथा नेपाल-भारत प्रवर्द्धनात्मक भ्रमणमा आएका टोलीले समेत बागलुङलाई भ्रमण सूचीमा समावेश गर्न थालेका छन् । पोखरा पर्यटन परिषद्का महासचिव जीवनराज सापकोटाले भारतीय पर्यटक बागलुङका धार्मिक तथा प्राकृतिक गन्तव्यप्रति आकर्षित हुँदै गएको बताउनुभयो । करिब पाँच सय वर्ष पुरानो इतिहास बोकेको बागलुङ कालिका मन्दिर र पञ्चकोट अहिले प्रमुख आकर्षणका रूपमा स्थापित हुँदै गएका छन् । बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काका अनुसार कालीगण्डकी सभ्यता र यसको धार्मिक महत्वबारे जानकारी लिन चाहने पर्यटकको संख्या पनि बढ्दो छ । भारतबाट आउने तीर्थयात्रीले जनकपुर, लुम्बिनी, पशुपतिनाथ र मुक्तिनाथसँगै शालीग्राम सङ्ग्रहालयलाई पनि यात्राको महत्वपूर्ण गन्तव्य बनाउन थालेका छन् ।

गण्डकी प्रदेश सरकारले मुक्तिनाथ-बागलुङ कालिका-पञ्चकोट क्षेत्रलाई धार्मिक सर्किटका रूपमा विकास गर्ने योजना बजेटमार्फत सार्वजनिक गरेपछि स्थानीयमा थप उत्साह बढेको छ । बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले पर्यटन नै स्थानीय समृद्धिको प्रमुख आधार भएको बताउनुभयो । "पर्यटक बढे स्थानीय उत्पादनको माग बढ्छ, किसानको आम्दानी पनि वृद्धि हुन्छ", उहाँले भन्नुभयो । उहाँका अनुसार पर्यटकमैत्री वातावरण निर्माण, सरसफाइ तथा पर्यटकको रोजाइअनुसारका सेवा र परिकार विकासमा स्थानीय तह र निजी क्षेत्रले पहल गरिरहेका छन् ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, सहिद स्मृति विद्यालय अन्य पूर्वाधार निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सहिद स्मृति विद्यालय अन्य पूर्वाधार निर्माण वडा नं. १४
ठेगानाः पोखरा-१४, सेतीदोभान
योजना सम्झौता मिति : २०८२/१२/१७ गते
योजना सुरु हुने मितिः २०८२/१२/१८ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजनाको कुल लागतः रु. १६,६६,६६६.६७
महानगरपालिकाबाटः रु. १५,००,०००|-
जनसहभागिताबाटः रु. १,६६,६६६.६७
उपभोक्ता समिति अध्यक्षः बाबुराम सुवेदी
सम्पर्क नं.: ९८४६८४३०९२
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ५ पुरुषः २

**सहिद स्मृति विद्यालय अन्य पूर्वाधार निर्माण वडा नं. १४ उपभोक्ता समिति पोखरा - १४**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, राधाकृष्ण मन्दिर 'ख' गोरुघासको भवन स्तरोन्नती तथा राधाकृष्ण मुर्ति निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः राधाकृष्ण मन्दिर 'ख' गोरुघासको भवन स्तरोन्नती तथा राधाकृष्ण मुर्ति निर्माण योजना
ठेगानाः पोखरा-१४, राधाकृष्ण टोल
योजना सम्झौता मिति : २०८२/१२/२२ गते
योजना सुरु हुने मितिः २०८२/१२/२३ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजनाको कुल लागतः रु. १६,६६,६६६.६७
महानगरपालिकाबाटः रु. १५,००,०००|-
जनसहभागिताबाटः रु. १,६६,६६६.६७
उपभोक्ता समिति अध्यक्षः मनु क्षेत्री सम्पर्क नं.: ९८५६०४२४२५
सचिवः रामकृष्ण अधिकारी, कोषाध्यक्षः सरस्वती कार्की
उपभोक्ता समिति सदस्यः ५ जना महिलाः २ पुरुषः ३

**राधाकृष्ण मन्दिर "ख" गोरुघासको भवन स्तरोन्नती तथा राधाकृष्ण मुर्ति निर्माण योजना उपभोक्ता समिति पोखरा-१४**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, आर्वा ओराले व्याडमा रहेको विभिन्न संरचना निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः आर्वा ओराले व्याडमा रहेको विभिन्न संरचना निर्माण
ठेगानाः पोखरा-१३
योजना सम्झौता मिति : २०८२/११/१४ गते
योजना सुरु हुने मितिः २०८२/११/१५ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/३० गते
योजनाको कुल लागतः रु. १७,७७,७७८|-
महानगरपालिकाबाटः रु. १६,००,०००|-
जनसहभागिताबाटः रु. १,७७,७७७|-

**आर्वा ओराले व्याडमा रहेको विभिन्न संरचना निर्माण उपभोक्ता समिति पोखरा-१३**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, दाद्रा बरालेचौर सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः दाद्रा बरालेचौर सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३, नवदुर्गा टोल विकास संस्था
योजना सम्झौता मिति : २०८३/१/२५ गते
योजना सुरु हुने मितिः २०८३/१/२६ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजनाको कुल लागतः रु. ५,५५,५६१.६४
महानगरपालिकाबाटः रु. ५,००,०००|-
जनसहभागिताबाटः रु. ५५,५५६|-

**दाद्रा बरालेचौर सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१३**




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# मनसुनजन्य विपत्को तयारी चुस्त बनाऔं

मनसुनी वर्षासँगसँगै नदि, खोलामा आउन सक्ने मनसुनजन्य विपतका समाचार सार्वजनिक भएको छ। मनसुनजन्य विपत व्यवस्थापनका लागि देशभरि एकीकृत संयन्त्रलाई तयारी अवस्थामा राख्नुपर्छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा यो काम गर्नुपर्छ मनसुनजन्य विपत्बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना-२०८३' कार्यान्वयन अन्तर्गत एकीकृत विपत् व्यवस्थापन संयन्त्रलाई उच्च तयारी अवस्थामा राखिएको भनिएको छ।

मनसुन अवधिमा बाढीपहिरो, डुबान, नदी कटान तथा चट्याङलगायत विपत्को प्रभावकारी पूर्वतयारी, प्रतिकार्य तथा राहत व्यवस्थापनका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाललाई खोज तथा उद्धारका लागि तयारी अवस्थामा राखिएको छ। यस वर्ष देशका अधिकांश क्षेत्रमा औसतभन्दा कम वर्षा हुने प्रक्षेपण गरिएको छ। यस्अवस्थामा कतै अतिवृष्टि त कतै अनावृष्टि हुन सक्छ। मुलुकको भौगोलिक संवेदनशीलता तथा स्थानीय मौसमी अवस्थाका कारण बाढीपहिरोको जोखिमलाई ध्यानमा राखी आवश्यक पूर्वतयारी गरिएको छ। विशेष गरी पहाडी तथा हिमाली जिल्लामा बाढीपहिरो तथा तराई क्षेत्रमा डुबान र नदी कटानको जोखिम उच्च रहने अनुमान गरिएको छ। जस अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबिच स्पष्ट जिम्मेवारी बाँडफाँट गरिएको छ।

सङ्घीय मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, आपत्कालीन कार्यसञ्चालन केन्द्र तथा निजी क्षेत्रलाई आआफ्नो भूमिका अनुसार तयारी अवस्थामा रहन निर्देशन दिइएको छ। केन्द्रदेखि स्थानीय तहसम्म मनसुन प्रतिकार्य कमान्ड पोस्ट स्थापना गरिएको छ भने सङ्घीय, प्रदेश र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र चौबिसै घण्टा सञ्चालनमा रहने व्यवस्था छ। ती केन्द्रले मौसम पूर्वानुमान, पूर्वसूचना प्रवाह, विपत् निगरानी, सूचना व्यवस्थापन तथा स्रोतसाधन परिचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने छन्। सुरक्षा निकायलाई खोज तथा उद्धार सामग्री तयारी अवस्थामा राख्न, जोखिम क्षेत्रमा उद्धार टोली परिचालन गर्न तथा राहत वितरणमा समन्वय गर्न जिम्मेवारी दिइएको छ। त्यस्तै स्वास्थ्यक्षेत्रतर्फ आपत्कालीन उपचार सेवा, औषधी तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन तथा अस्पतालको तयारी अवस्था सुनिश्चित गर्न निर्देशन दिइएको छ। त्यसै गरी नेपाल रेडक्रस सोसाइटीलगायत सम्बन्धित निकायलाई पर्याप्त रगत मौज्दात राख्ने, आपत्कालीन रक्तसङ्कलन तथा वितरणका लागि पूर्वतयारी गर्ने जिम्मेवारी दिइएको छ।

मनसुनजन्य विपतका बेला सञ्चार माध्यमले जनधनको क्षति कम गर्न, सही सूचना प्रवाह गर्न र उद्धार तथा राहत कार्यलाई सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्नुपर्छ। प्रभावकारी भूमिका निभाउन सञ्चार माध्ययमले मौसम पूर्वानुमान, बाढी, पहिरो, डुबान तथा जोखिम क्षेत्रबारे आधिकारिक र अद्यावधिक सूचना तुरुन्त प्रसारण गर्ने। विपत् हुनुअघि अपनाउनुपर्ने सावधानी, सुरक्षित स्थानमा जाने उपाय र आपतकालीन तयारीबारे जनतालाई जानकारी दिने काम गर्नुपर्छ।अपुष्ट वा भ्रामक समाचार प्रसारण नगरी तथ्यमा आधारित सूचना मात्र प्रकाशित/प्रसारण गर्ने। उद्धार टोली, राहत वितरण, सुरक्षित आश्रयस्थल, हेल्पलाइन नम्बर र आवश्यक सेवाबारे जानकारी उपलब्ध गराउ स सक्छ।

रसरकारी निकाय, सुरक्षा निकाय, स्थानीय तह तथा विपत् व्यवस्थापन संस्थासँग समन्वय गरी विश्वसनीय सूचना प्रवाह गर्ने काम गर्न सक्छ। प्रभावित नागरिकका समस्या, आवश्यकता र चुनौतीलाई सम्बन्धित निकायसम्म पुऱ्याउने।पीडितको गोपनीयता र सम्मानको ख्याल राख्दै समाचार सम्प्रेषण गर्ने तथा अनावश्यक त्रास फैलाउने सामग्रीबाट बच्ने। विपत्पछिको पुनर्स्थापना, स्वास्थ्य, सरसफाइ र पुनर्निर्माणसम्बन्धी उपयोगी सूचना तथा सचेतनामूलक सामग्री प्रसारण गर्ने। यसरी, मनसुनजन्य विपतका बेला सञ्चार माध्यमले सत्य, समयमै र जिम्मेवार सूचना प्रवाह, जनचेतना अभिवृद्धि, अफवाह नियन्त्रण र उद्धार तथा राहत कार्यमा सहयोग गरेर विपत् व्यवस्थापनलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्छः मन्त्री लम्साल

पोखरापत्र संवाददाता
दमौली, २१ असार

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले जनप्रतिनिधि जनताप्रति सधैं उत्तरदायी बन्नुपर्ने बताउनुभएको छ।

तनहुँको दमौली र दुलेगौँडामा आइतबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता कार्यकर्तासँग छलफल गर्दै उहाँले तीन तहकै सरकारका जनप्रतिनिधि जनताप्रति उत्तरदायी बन्नुपर्ने उल्लेख गर्नुभयो।

मन्त्री लम्सालले जनताले भोग्नुपरेका समस्या र गुनासो सम्बन्धित निकायसम्म पुऱ्याउन आग्रह गर्दै सुशासन, जवाफदेहिता र प्रभावकारी सेवा प्रवाहमा सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले तनहुँका लागि रु चार अर्बको बजेटको सीमामा रहेर सडक र पुलको योजना ल्याउन सरोकार भएकाहरूलाई आग्रह गर्नुभयो।

छलफलका क्रममा रास्वपा जिल्ला सभापति विश्व बास्तोलाले जिल्लाको विकास, निर्माणका विषयमा मन्त्री लम्सालको ध्यानाकर्षण गराउनुभयो।

# बीउ उत्पादन कार्यक्रम ५८ स्थानीय तहमा सञ्चालन

रासस
काठमाडौं, २१ असार

कृषि विभागले विभिन्न १८ जिल्लाका ५८ स्थानीय तहमा गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धिका लागि स्रोत बीउ उत्पादन कार्यक्रम सञ्चालन गरेको छ। विभागले सङ्घीय सशर्त वित्तीय हस्तान्तरण कार्यक्रममार्फत उन्नत बीउ उत्पादन गर्न यो कार्यक्रम सञ्चालन गरेको हो।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले जलवायु परिवर्तनको नकारात्मक प्रभाव घटाउन धानबालीमा उत्थानशील जात विकास गरिने जानकारी दिनुभयो। धानखेतीमा छरुवा प्रविधि, पालैपालो जमिन भिजाउने र सुकाउने तथा वर्षाको पानी सङ्कलनजस्ता प्रविधि विस्तारमा जोड दिइएको उहाँले बताउनुभयो। कार्यक्रमअन्तर्गत हर्दिनाथ-१ र ३ वर्णशङ्कर जात प्रवर्द्धन, २१ जोन र ५ सुपरजोनमार्फत बर्खे तथा चैते धानमा यान्त्रिकीकरण प्रवर्द्धन र मूल्य शृङ्खला विकास गरिनेछ। चैते धान प्रवर्द्धनमा किसानलाई अनुदान उपलब्ध गराइने छ।

विभागले यस वर्षदेखि धानमा आधारित परियोजना महोत्तरी, सर्लाही, नुवाकोट र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का आठ स्थानीय तहमा सुरु गरेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखापरीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ मा श्री लप्सीबोट पैयुपानी मुनाहर्क चोक सडक स्तरोन्नती कार्य सम्पन्न गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| | |
|---|---|
| योजनाको नाम | : श्री लप्सीबोट पैयुपानी मुनाहर्क चोक सडक स्तरोन्नती |
| उपभोक्ता समितिको नाम | : श्री लप्सीबोट पैयुपानी मुनाहर्क चोक सडक स्तरोन्नती उपभोक्ता समिति |
| सदस्य संख्या | : ९ (महिला ४ जना) |
| उ.स. अध्यक्षको नाम | : बसन्तराज बराल |
| योजना सुरु हुने मिति | : २०८३/०१/३१ |
| योजना सम्पन्न हुने मिति | : २०८३/०३/१५ |
| पोखरा-१३, बाट प्राप्त | : रु. २३,००,०००/- |
| जन सहभागिता | : रु. २,५६,४५१/- |
| जम्मा लागत खर्च | : रु. २५,५६,४५१/- |

**श्री लप्सीबोट पैयुपानी मुनाहर्क चोक सडक स्तरोन्नती उपभोक्ता समिति**
पोखरा-१३, कास्की

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. ८ मा सोंपाल तमु समाज निर ढल निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।
योजनाको नाम : सोंपाल तमु समाज निर ढल निर्माण
उपभोक्ता समितिको नाम : सोंपाल तमु समाज निर ढल निर्माण उपभोक्ता समिति, पोखरा-९, कास्की
उपभोक्ता समितिको अध्यक्षको नामः राम कुमार श्रेष्ठ
सम्पर्क नं : ९८४६०२६८२१
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मितिः २०८२/१२/१२
योजना सुरु मितिः २०८२/१२/१३
सम्पन्न भएको मितिः २०८३/०३/१४
महानगरपालिकाबाट : रु. ५,००,०००/-
जनसहभागिता : रु. ५६,७८९/०१
योजनाको कुल लागत : रु. ५,५६,७८९/०१

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५, राती खहरे पार्कमा भौतिक निर्माण तथा व्यवस्थापन गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः राती खहरे पार्कमा भौतिक निर्माण तथा व्यवस्थापन
ठेगानाः पोखरा-१५, रातीखहरे पार्क
योजना सम्झौता मिति : २०८२/१२/०४ गते
योजना सुरु हुने मितिः २०८२/१२/०५ गते
योजना सम्पन्न हुने मितिः २०८३/०२/२० गते
योजनाको कुल लागतः रु. ५,५५,५५५।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५५,५५५।-
उपभोक्ता समिति अध्यक्षः प्रेम बहादुर रोका सचिवः नारायण बहादुर बानिया, कोषाध्यक्षः सान्ता पराजुली अधिकारी, सदस्यः दुर्गा दत्त अधिकारी, चिन बहादुर आले, एन्जिला बानिया, शान्ति भण्डारी बानिया

**राती खहरे पार्कमा भौतिक निर्माण तथा व्यवस्थापन उपभोक्ता समिति पोखरा-१५**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, लाकुरबोट देखि फाम फेदीसम्म पैदल मार्ग निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।
योजनाको नामः लाकुरबोट देखि फाम फेदीसम्म पैदल मार्ग निर्माण
ठेगानाः पोखरा-३३, सुरौदी
योजना सम्झौता मिति : २०८३/०१/११ गते
योजना सुरु मितिः २०८३/०१/१२ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/२५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/२० गते
योजनाको कुल लागतः रु. ५,५६,२८२.६४
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५६,२८२.६४
उपभोक्ता समिति अध्यक्षः विजय प्रसाद आचार्य
सम्पर्क नं.: ९८४६५२९८८

**लाकुरबोट देखि फाम फेदीसम्म पैदल मार्ग निर्माण उपभोक्ता समिति पोखरा-३३**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा न. १० निवासी भारतीय भु.पु. सैनिक न. ५८४३९३९ NK तुल बहादुर ठकुरीको श्रीमती मिना कुमारी खाँण ठकुरीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मिना कुमारी खाँड ठकुरी, जन्म मिति वि.स. २०२०।०४।१० तदानुसार ई.स. १९६३-०७-२५ उल्लेख भएको र पेन्सन अभिलेखमा नामथर मिना कुमारी ठकुरी (MINA KUMARI THAKURI), जन्म मिति ई.स. १९६३-०१-०८ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १० नं. वडा कार्यालयको च.न.३०९८ मिति २०८३।०३।१७ को सिफारिस पत्रवाट लेखी आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक हिस्तान गा.वि.स. वडा नं. १ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ७ बस्ने भारतीय सेनाका भू.पू. सैनिक नं. ५३४२४२८ का इमान सिं पुनको श्रीमती हस्तीका पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर हस्तीका गर्वुजा उल्लेख भएको र आर्मी रेकर्ड / डिस्चार्ज सर्टिफिकेट / पेन्सन पट्टामा नामथर हस्तीका पुन उल्लेख भै नामथर फरक परेता पनि निज व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ७ नं. वडा कार्यालयको च.नं. २३५ मिति २०७४।१२।०९ को पत्रबाट लेखी आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय म्याग्दी**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महा( नगरपालिका वडा नं. १० निवासी भारतीय भु.पु.सैनिक न. ५४४३०३९ नर बहादुर गुरुङको श्रीमती रत्न कुमारी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर रत्न कुमारी गुरुङ भएको र पेन्सन अभिलेखमा नामथर रत्न कुमारी (RATNA KUMARI) उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका१०नं.वडाकार्यालयकोच.नं.२११८मिति २०८३।०३।१८ को सिफारिस पत्रबाट लेखी आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

## एउटै व्यक्ति भएको सूचना



साविक थुमाकोडाँडा गा.वि.स. वडा नं. ५ हाल मादी वडा नं. ३ बस्ने भारतीय भू.पु.सै.नं. जे.सी. ६२३०१४ सुवेदार शेरकाजी गुरुङको श्रीमती ननसुवा गुरुङको नाम नेपाली ना.प्र.पत्रमा ननसुवा गुरुङ र जन्म मिति २००६।९।१४ भएको र सैनिक अभिलेखमा निजको नाम सुन्द्री गुरुङ्सेनी र जन्म मिति २०११।९।१७ उल्लेख भएको हुँदा उल्लेखित दुवै नाम थर र जन्म मिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिश साथ अनुरोध छ भनि थुमाकोडांडा गा.वि.स. कास्कीको च.नं. ३०९ मिति २०६६।१२।२० को पत्रवाट लेखी आएको हुदाँ सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय कास्की**

# घरपझोङमा चक्रपथ निर्माण सम्पन्न, आवागमन सहज

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ असार

गण्डकी प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक योजना' अन्तर्गत यहाँको घरपझोङ गाउँपालिकामा चक्रपथ निर्माण सम्पन्न भएको छ। उक्त सडक आयोजना सात वर्षमा निर्माण सम्पन्न भएसँगै आवागमन सहज भएको स्थानीयले बताएका छन्।

पूर्वाधार विकास कार्यालय मुस्ताङबाट कार्यान्वयनमा आएको चक्रपथ सडक सदरमुकाम जोमसोम, ठिनी, ढुम्बा, छैरो, मार्फा हुँदै पुनः जोमसोम जोड्ने १० दशमलव पाँच किलोमिटर हालै निर्माण सम्पन्न भएको पूर्वाधार विकास कार्यालयका इन्जिनियर सुरेश पाण्डेले बताउनुभयो। विसं २०७७ माघसम्म निर्माण सम्पन्न गर्नेगरी विसं २०७६ असार २६ गते ठेक्का सम्झौता भएको थियो। कोभिड माहामारी, हिमपात, प्रतिकूल मौसम, निर्माण कम्पनीको ढिलासुस्तीलगायत कारणले काम सम्पन्न हुने नसकेको उहाँले उल्लेख गर्नुभयो। सुरुआती ठेक्का सम्झौता अवधि डेढ वर्ष तोकिए पनि पटकपटक म्याद थप गरी सात वर्षमा निर्माण सम्पन्न भएको हो। इन्जिनीयर पाण्डेका अनुसार उक्त चक्रपथ रु २१ करोड ३५ लाख ६१ हजार लागतमा बन्दन भगवती जलजला जेभी कन्ट्रक्सनले निर्माण गरेको हो। दश दशमलव पाँच किमीमध्ये पाँच दशमलव पाँच किमी सडक 'प्रिमिक्स' प्रविधिबाट कालोपत्र गरिएको जनाउँदै बाँकी ग्राभेल गरिएको उहाँले बताउँनुभयो। यसैबीच, निर्माण कम्पनीले ट्राफिक सङ्केतका चिह्न अङ्कित खम्बा गाड्ने, नाली सफा गर्ने, सडकको जोखिमयुक्त स्थानमा सवारी दुर्घटना न्यूनीकरणका लागि बार लगाउनेलगायतका कार्य सम्पन्न भइसकेका इन्जिनियर पाण्डेले जानकारी दिनुभयो। राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकलाई जोड्ने गरी घरपझोङ गाउँपालिकास्थित कालिगण्डकी पारिका ओझेलमा परेका गाउँ जोड्ने गरी चक्रपथ निर्माण गरिएको। पूर्वाधार विकास कार्यालय मुस्ताङले जनाएको छ। घरपझोङ गाउँपालिकाका पाँचवटै वडा जोड्ने चक्रपथ निर्माणले स्थानीय नागरिकलाई सदरमुकाम जोमसोम आउन जान सहज भएको घरपझोङ-५ का वडाध्यक्ष प्रदीप थकालीले बताउनुभयो। उहाँका अनुसार यसअघि कालिगण्डकी पारिका गाउँमा सडकको पहुँच नहुँदा उत्पादित कृषिउपजको बजारीकरणमा समस्या आएको थियो। यसैगरी घरपझोङ चक्रपथ सडकअन्तर्गत जोमसोमबाट ढुम्बातालसम्म कालोपत्र विस्तार गरिएपछि मुक्तिनाथ दर्शन गरी फर्किएका पर्यटकलाई आवागमनमा सहज भएका वडाध्यक्ष थकालीले बताउनुभयो। "सडक स्तरोन्नतिसँगै मुक्तिनाथ हुँदै ढुम्बातालको अवलोकन गर्न आएका पर्यटकका लागि यातायातको सुविधा विस्तार भएको छ। यसले पर्यटन प्रवर्द्धन गर्ने विश्वास छ", उहाँले भन्नुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः जेष्ठ नागरिक दिवा सेवा केन्द्र ठाटि भञ्ज्याङ निर्माण
ठेगानाः पोखरा-३३
योजना सम्झौता मिति : २०८२/०९/१४ गते
योजना सुरु मितिः २०८२/०९/२० गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/२० गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/२१ गते
योजनाको कुल लागतः रु. ६,६६,८६६.०५
महानगरपालिकाबाटः रु. ६,००,०००|-
जनसहभागिताबाटः रु. ६६,८६६.०५
उपभोक्ता समिति अध्यक्षः पदमराज आचार्य
सम्पर्क नं.: ९८४६०७९४४८
उपभोक्ता समिति सदस्यः ११ जना महिलाः ३ पुरुषः ८ जना

**जेष्ठ नागरिक दिवा सेवा केन्द्र ठाटि भञ्ज्याङ निर्माण उपभोक्ता समिति पोखरा-३३**

# बीउ उत्पादन कार्यक्रम ५८ स्थानीय तहमा सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

कृषि विभागले विभिन्न १८ जिल्लाका ५८ स्थानीय तहमा गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धिका लागि स्रोत बीउ उत्पादन कार्यक्रम सञ्चालन गरेको छ।

विभागले सङ्घीय सशर्त वित्तीय हस्तान्तरण कार्यक्रममार्फत उन्नत बीउ उत्पादन गर्न यो कार्यक्रम सञ्चालन गरेको हो। विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले जलवायु परिवर्तनको नकारात्मक प्रभाव घटाउन धानबालीमा उत्थानशील जात विकास गरिने जानकारी दिनुभयो। धानखेतीमा छरुवा प्रविधि, पालैपालो जमिन भिजाउने र सुकाउने तथा वर्षाको पानी सङ्कलनजस्ता प्रविधि विस्तारमा जोड दिइएको उहाँले बताउनुभयो। कार्यक्रमअन्तर्गत हर्दिनाथ-१ र ३ वर्णशङ्कर जात प्रवर्द्धन, २१ जोन र ५ सुपरजोनमार्फत बर्खे तथा चैते धानमा यान्त्रिकीकरण प्रवर्द्धन र मूल्य शृङ्खला विकास गरिनेछ। चैते धान प्रवर्द्धनमा किसानलाई अनुदान उपलब्ध गराइने छ। विभागले यस वर्षदेखि धानमा आधारित परियोजना महोत्तरी, सर्लाही, नुवाकोट र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) का आठ स्थानीय तहमा सुरु गरेको छ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं २२ (साविक पुम्दी भुम्दी गा.वि.स वडा नं. ६) निवासी भारतीय भु.पु.सै.नं. 5449905P का वैशा गुरुङ्गको श्रीमती खोमाया गुरुङ्गको नागरिकतामा जन्म मिति २०२१।०३।११ (२४ जून १९६४) भएको तर सैनिक अभिलेखमा श्रीमतीको जन्म मिति २०२४।४।१४ (२९ जुलाई १९६७) उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी पोखरा लेखनाथ महानगरपालिका २२ नं. वडा कार्यालय, कास्कीको च.नं.१९९५ मिति २०७४।१२।२१ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २२ निवासी भारतिय भु. पु. सैनिक ५४४९९०५p हबल्दार बैशा गुरुङको नेपाली नागरिकता प्रमाण पत्र ना.प्र. प.नं ४६१००६-८६ जारी मिति २०६४/०२/०९ कास्की मा निजको नामथर बैस बहादुर गुरुङ (Baisa Bahadur Gurung) जन्म मिति २०२२/०९/१७ भएको तर निजको सर्भिस डकुमेन्टमा नामथर बैशा गुरुङ (Baisha Gurung) इ. स १९६७/०५/१८ अथार्त बि. स. २०२४/०२/०४ उल्लेख भई फरक पर्न गएका हुनाले सो फरक हुन गएको नामथर भएको ब्यक्ती एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि कास्की जिल्ला, पोखरा महानगरपालिका २२ नं. वडा कार्यालय कास्कीको च.नं. २८५६ मिति २०८२।०१।०३ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २० निवासी भारतीय भु.पु. सैनिक नं. 5346112M HAV (ACAP1) भिम बहादुर घर्तिको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर थिर कुमारी घर्ति भएको र पेन्सन अभिलेखमा नामथर थिर कुमारी मात्र उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २० नं. वडा कार्यालयको च.नं. २२७७ मिति २०८३।०३।१८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥**

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २०००/०४/१३ गते**

**स्वः विष्णुमाया थापा मगर**

**स्वर्गारोहणः**
**वि.स. २०८३/०३/१० गते**

हाम्रा ममतामयी आमा/हजुरआमा **विष्णुमाया थापा मगर** को ८३ वर्षको उमेरमा स्वर्गारोहण हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**छोरा/बुहारीः**
ज्ञान बहादुर थापा मगर/ स्व. गंगा थापा मगर
स्व. मिन बहादुर थापा मगर/ देवी थापा मगर
गम्बिर थापा मगर/ कमला थापा मगर

**छोरी/ज्वाइँः**
माया थापा मगर/ चन्द्र बहादुर गुरुङ
जानुका पुन/ स्व. रुप बहादुर पुन
इन्द्र थापा गुरुङ/ संजय गुरुङ

**नाति/नातिनी बुहारी**
विनय/ रिता माया मगर
रवि थापा मगर
विशेष थापा मगर
सौगात/शान्ति थापा मगर
विराज थापा मगर
विक्रम/दिपा थापा मगर
भिम थापा मगर
अनमोल गुरुङ
विपिन गुरुङ
प्रविण गुरुङ
ऋतिक पुन

**नातिनी/नातिनी ज्वाँइः**
सरिता थापा मगर/ सुदन मगर
सुन्मिता थापा मगर
सुप्रिया पुन
खुशी गुरुङ

**पनातिः**
विशाल थापा मगर
इरिक थापा मगर

**पनातिनीः**
विशिका थापा मगर
साइरिका थापा मगर

**एवम् सम्पूर्ण थापा परिवार**
**पोखरा-१३, जय नेपाल मार्ग**

पूनश्चः मिति २०८३ असार २२ गते सोमबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं। समयः बिहान १०: ०० बजेदेखि स्थानः पोखरा-१२ सेती मार्ग, नेपाल मगर संघ